# "कर्णाली ब्लुज" उपन्यासमा जातिय अहँमको गन्ध



✍ विष्णु कुमार सिङ्जाली
एम. ए.(समाजशास्त्र), एम.पी.ए,
एम.पी.एच, बी. एड., एल.एल.बी.

यो बर्ष नेपालका मिडीयाहरुले चर्चामा ल्याएको पुस्तक मध्ये बुद्धिसागरको उपन्यास "कर्णाली ब्लुज" पनि एक हो । यस उपन्यासका बारेमा धेरै राम्रा राम्रा समालोचनाहरु वरिष्ठ ब्यक्तिहरुबाट लेखिएको छ छापामा, ईन्टरनेटका संजालमा । अनि बोलिएको छ, विभिन्न कार्यक्रमहरुमा । "कर्णाली ब्लुज" को कथा बा, आमा, म, पार्वती दिदि, ममता दिदि लगायत अन्य पात्रहरुको वरीपरी घुमेको छ। औषधी पसल, स्वास्थ्य सेवा, औषधीको दुरुपयोग, अस्पताल आदिका बारेमा सुक्ष्म ब्याख्या पनि छ। अस्पताल महँगो भएको कारणबाट "म" पात्रले अस्पतालको पैसा नतिरी चोर तरीकाबाट बिरामी बाहिर निकाल्दछ, बडो चतुऱ्याईंकासाथ । उपन्यास वियोगान्तक छ ।

यो उपन्यासमा बाल्यकालको घटना र मनोविज्ञानको उल्लेख छ । ग्रामीण भेगमा जन्मेर, ग्रामिण स्कुल पढेर अलिकति अगाडी बढेका युवहरुको कथा, ब्यथा यसले पस्केको छ । बाल्यकालमा अविभावकको माया ममताको अभावमा, मार्गनिर्देशनको अभाव भएमा बालबालिकाहरु बिग्रन्छन् भन्ने कुरा

चन्द्रे, मन्दिरे, एकराज आदि पात्रहरु तेर्साईएको छ । यसले गर्दा प्रत्येक अविभावक, शिक्षकहरुले अध्ययन गरेमा बाल शिक्षामा केही फाईदा हुनेछ । बालिका/महिला प्रति गरिने विभेदको मनोविज्ञान ममता दिदि पात्र मार्फत पस्केका छन् । नेपाली समाजको सामान्ती व्यवस्था र आदिबासी/जनजातिहरुलाई दास तुल्याउने प्रवृती र त्यसको बिद्रोह खुसीराम थारु, पहाडीया बाबु साहेब जस्ता पात्रहरु मार्फत प्रतिनिधित्व गराएका छन् । आदिबासी थारु भुमीमाथीको हस्तक्षेपको विरोध भागीरथ थारु मार्फ गराएका छन् यस उपन्यासमा ।

लेखक बुद्धिसागरले "कर्णाली ब्लुज" नामक उपन्यासमा समाजका यस्ता धेरै घटनाहरुको उल्लेख गरेर वास्तविकतालाई उजागर गर्ने प्रयास गर ेका छन्, जसलाई प्रशंसनीय मान्न सकिन्छ । यति हुँदा हुँदै पनि लेखकले जातिय अहंमताबाट प्रेरीत भएको देखिन्छ । (१) "म" भन्ने पात्रलाई पार्वती दिदिले गाली गरेर वा होच्याएर बोलाउँदा "थारु" नामले बोलाउनु, (२) "मगर मामा"लाई उपन्यासकारले जाँडरक्सी खुवाउनु जस्ता कुराहरुले लेखकले नजानिँदो पारामा आदिबासी/जनजातिहरुको अपमान गरेका छन् । जसरी भिमनिधी तिवारीले "शिल्यान्यास" नाटकमा मगर जातिको, "सुम्निमा" उपन्यासमा विशेश्वर प्रसाद कोईरालाले किराँत जातिको अपमान गरेका छन् ।

नेपाली साहित्यमा उच्च जात र वर्गहरुबाट साहित्य लेखनमा आदिबासी/जनजाति, दलित तथा महिलाहरु माथि अपमान हुने खालको वा सिधै अपमान गरेर लेख्ने गरेको पाईन्छ । जुन सच्चा लेखनमा नहुनु पर्ने हो । कुनै जाति वा वर्ग विशेषको अपमानबाट स्वच्छ समाज बन्न सक्दैन, बरु गणतन्त्र नेपालमा सामान्तबादको गन्ध हो । माथी उल्लेखित तथ्यले "कर्णाली ब्लुज" का लेखक बुद्धिसागरमा पनि जातिय अहँको गन्ध झल्किन्छ । हुन त उनले यस्ता आरोपहरुलाई लुकाउन थारु समुदायको भाषा प्रयोग गरेर, भागिर ाम तथा खुसीराम लगायतको विद्रोह देखाएर र मगर मामालाई सहयोगी

देखाएर, अनि 'ममता दिदिलाई जिउँदै चिहानमा गाडेको' बकाएर सत्यबादी देखाउन खोजेका छन् । तर उनले गरेको ब्याख्याले त्यो अपमान मेट्न सक्दैन । उनी जस्तो भरखरको युवा पुस्ताले समेत नेपालमा एक-अर्कामा जातिय सम्मानका कुरामा ध्यान दिन सक्दैनन् भने गणतन्त्र आईसकेको नेपालमा सामान्तबादले छोडेको रहेनछ, उच्च जातिको बोलवाल अझै कायम छ, गणतन्त्र आए पनि सत्ताका नजिक भएका मानिसहर "गण" बनिसकेका र हेनछन् भन्ने मनोविज्ञान यसले दिन्छ ।

उनले थारु वा अन्य आदिबासी/जनजाति समुदायमा कसरी उच्च जातिका मानिसहरुले उनीहरुको संस्कृती लाद्दछन् भन्ने सत्यता भने खोलेका छन् । उनको चिकित्सा सम्बन्धी तत्थ्य पे.नं. तेह्रमा दायाँ "दिमागको नशा फुटेर रगत जमेको छ, त्यसैले दायाँ हात खुट्टा चल्दैनन्" भनेर चिकित्सकलाई बकाएका छन् । स्वास्थ्य विज्ञानको हिसावले यो तथ्य गलत छ, बायाँ हात खुट्टा हुनुपर्ने हो । यस्तै अन्य ठाउँमा पनि तथ्यगत कमीकमजोरीहरु भेटीन्छन्, आशा छ आउँदा संस्करणहरुमा सुधार हुँदै जानेछ । नेपाली समाजको तत्कालिन परिस्थीती, शासन ब्यवस्था, दुर्गम बस्तीहरुको जनजीवन, बाल्यकाल र त्यस भेगको भाषा भने राम्रो संग उतारेका छन् । कष्ट, पीडा र बाध्यताको क्षणहरुको ब्याख्यामा भने उनको लेखन सफल छ ।

धन्यबाद ।

प्रतिक्रियाको लागि : bishnusinjali@hotmail.com